


# The Return to Work scheme and work injury support कामामा फिर्ता जाने योजना र कार्यस्थलमा घाइते हुँदाको सहयोग

कामफिर्ती एस ए (ReturnToWorkSA) ले बीमाको व्यवस्था गरिदिन्छ जसले साउथ अष्ट्रेलियाका व्यापार र उनका कामद( ारहरुलाई कार्यस्थलमा हुने चोटपटकका घटनाहरुबाट बचाउँन मद्दत गर्दछ ।

यो कामफिर्तिको योजनाले जो व्यक्तिहरु गम्भीररुपले घाइते भएका छन् उनीहरुलाई सामान्य चोटपटक लागेका व्यक्तिहरु भन्दा फरक किसिमको सहयोगको आवश्यकता पर्ने कुरालाई महशुष गर्दछ ।

**घाइतेहरुलाई चाँहिने सहयोग अन्तर्गत देहाय बमोजिमका कुराहरु समेटिन सक्नेछन्** :

- घाइते भएको अवधिदेखि लिएर दुई वर्षसम्म आफ्नो आयआर्जनमा सहयोग पुऱ्याउँन तलबको क्षतिपूर्तिको व्यवस्था गरिनु
- घाइते भएको अवधिदेखि लिएर तीन वर्षसम्म आवश्यकता अनुसारको उचित उपचार र रेखदेखको व्यवस्था गरिनु
- घाइते भएको अवधिदेखि लिएर तीन वर्षसम्म काममा फिर्ता जानको लागि आवश्यक पर्ने सेवाहरु जस्तो उनुभवको लागि प्रायोगिक कक्षाहरु र थप तालिम आदिको व्यवस्था गरिनु

**गम्भीर घाइते भएका व्यक्तिहरुलाई गरिने सहयोग अन्तर्गत निम्न कुराहरु समेटिन सक्नेछन्** :

- सेवा-अवकाश अवधिसम्म आयआर्जनमा सहयोग
- आवश्यकता अनुरुप उचित स्वास्थ्य उपचार र जीवनको रेखदेख
- आवश्यक परेमा काममा फिर्ता जानको लागि चाहिने सेवाहरुको व्यवस्था

जागिरमा रहदा घाइते भएका कारण दुई हप्तासम्म तपाईको काममा जाने अवस्था छैनभनें हकदाबी गरिदिने प्रतिनिधिले तपाईलाई यथाशक्ति चाँडो तन्दुरुस्त भएर काममा फिर्ता जानको लागि चाहिने आवश्यकता अनुरुपको उपचार, रेखदेख र अन्य थप सेवा र सहयोगहरुसंग आवद्ध गराउन मद्दत पुऱ्याउनुका साथै तपाईका मामिला प्रबन्धक (केस म्यानेजर) लाई तपाई लगायत रोजगारदाता र कार्यस्थलको भ्रमण गर्न पठाउने व्यवस्था समेत गर्नेछन् । यो कार्यस्थलको प्रत्यक्ष भ्रमण गर्ने काम घटनाको जानकारी गराएको लगत्तै पछाडी सकेसम्म चाडो हुने गर्दछ ।

# What to do if you are injured
# तपाई घाइते हुनुभयो भनें के गर्ने

यदि तपाई काममा रहँदा घाइते  हुनुभयो भनें तपाईले गर्नुपर्ने थुप्रै महत्वपूर्ण कुराहरु छन् :

## पैलो चरण : उचित उपचारको पहल गर्ने

## दोश्रो चरण : आफ्नो रोजगारदातालाई खबर गर्ने

सम्भब भएसम्म चोटपटकको घटना घटेको २४ घण्टा भित्रमा आफ्नो रोजगारदातालाई तपाईले अवश्य रुपमा लिखित वा मौखिक जानकारी गराउँनुपर्ने हुन्छ। यदि तपाई आफू असमर्थ भएमा तपाईका प्रतिनिधि जस्तो परिवारका सदस्य वा साथीहरु कसैले पनि तपाईको राजगारदातालाई जानकारी गराइदिन सक्नेछन्।

## तेश्रो चरण : डाक्टरलाई जचाउँने

तपाईलाई कस्तो किसिमको चोटपटक लागेको हो, कुन उपचारको आवश्यकता छ, कति-कति समयमा उपचार गराउँनुपर्छ र उपचार पूरा हुन कति समय लाग्छ भन्ने कुराहरुको निर्णय निकाल्न डाक्टरले तपाईको अवस्थालाई जाँच्नेछन्।

डाक्टरले तपाईलाई आफ्नो कार्यक्षमताको जाँच गरी प्रमाणपत्र दिनेछन्। आफ्नो कामबाट छुट्टिलिनुपर्ने भएमा र तपाईले घटनाको क्षतिपूर्तीको दाबी गर्ने निर्णय गर्नुभएमा आफ्नो आवेदन फारमको साथमा तपाईले आफ्नो रोजगारदातासंग परामर्श गर्ने एजेन्टलाई त्यो प्रमाणपत्र बुझाउनुपर्ने हुन्छ।

## चौथो चरण : बादीको आवेदन गर्ने

यदि तपाईलाई घाइते भएका कारण कामबाट छुट्टि लिनुपर्ने भएमा,  तथा उपचारको लागि वा अन्य कुनै खर्च आइपरेको अवस्थामा तपाईले सोको क्षतिपूर्तिको दाबी गर्न चाहानुहुन्छ भनें तपाईले आवेदन फारम भरेर बुझाउँनुपर्ने हुन्छ।

सम्भब भएसम्म तपाईले यो आवेदन फारम आफ्नो रोजगार दातासंग संगै बसेर भर्नुपर्ने हुन्छ। यस्ले तपाईको अवस्थालाई बिचार गरिकन मिल्छ भनें काम गरिराख्न र मिल्दैन भनें उपचार सके पछि जतिसक्दो चाँडो काममा फिर्ता हुने सन्दर्भमा रोजगार दाताले के कस्तो सहयोग पुऱ्याउन सक्छन् ती बिकल्पहरुको बारेमा छलफल् गर्ने अवसर प्रदान गर्नेछ। साथै यसले दिइनुपर्ने सम्पूर्ण आवश्यक जानकारीहरु यथातथ्य रुपले बुझ्ने अवसर प्रदान गर्दछ जस्को फलस्वरुप आफ्नो आवेदनको नतिजा निकाल्न समेत मद्दत पुऱ्याउँनेछ। यसरी रोजगारदाता र कार्यकर्ता दुवैले सगै बसेर आवेदन फारम पूरा गर्न नसकेको खण्डमा एक्ला एक्लै पूरा गर्न पनि सकिनेछ।

तपाईले आफ्नो आवेदन फारम उपचार सम्बन्धी खर्चको लागि भर्नुभएको हो वा आफूले गुमाएको तलबको लागि हो कित दुवैको लागि भर्नुभएको हो भन्ने कुरा यसमा जनाउँन सक्नुहुने छ।

तपाईको रोजगारदाताले तपाई आफूले डाक्टरबाट लिएर बुझाएको कार्य क्षमताको प्रमाणपत्र र हकदाबीको आवेदन फारम दुवैको प्रतिलिपि तपाईको दाबीको लागि काम गर्दैरहेका प्रतिनिधिकोमा पाँचदिन भित्रमा (छुट्टिका दिनहरुलाई कटाएर) पठाइदिनु पर्ने हुन्छ।

तपाईको प्रतिनिधिले जति चाँडो तपाईको चोटपटकको विषयमा जानकारी प्राप्त गर्छन् त्यति नै चाँडो उनले तपाईलाई तपाईको उपचार, रेखदेख र तन्दुरुस्त भएर चाँडै काममा फर्कनको लागि आवश्यक पर्ने अन्य सहयोगका सेवाहरुसंग आबद्ध गराउँने व्यवस्था गर्नेछन्। हकदाबी आबेदनको लागि तपाई अथवा तपाईको राजगारदाता मध्ये कसैले पनि रोजगारदाताको प्रतिनिधि (एजेन्ट) लाई सम्पर्क गर्न सक्नुहुनेछ।

**Gallagher Bassett Services Pty Ltd**
**GPO Box 1772, Adelaide SA 5001**
**newclaims@gb.rtwsa.com**
**Fax (08) 8177 8451**
**www.gallagherbassett.com.au**
**Phone (08) 8177 8450 or free call 1800 664 079**

**Employers Mutual SA**
**GPO Box 2575, Adelaide SA 5001**
**newclaims@employersmutualsa.com.au**
**Fax (08) 8127 1200**
**www.employersmutual.com.au**
**Phone (08) 8127 1100 or 1300 365 105**



ReturntoWorkSA
Return to *work*.
Return to *life*.

साउथ अष्ट्रेलियाका प्रायस: सबै ठूला निजी र सरकारी संस्थाहरुले आफ्ना कर्मचारीहरुलाई पूरा (comprehensive) दाबीको हक मिल्ने गरी आफ्नो बीमाको व्यवस्था स्वयं गरेका हुन्छन् । यदि तपाई यस्ता स्वयं बीमित संस्थाहरुमा काम गर्दैहुनुहुन्छ र काममा रहँदा घाइते पर्नुभयो भनें सोको क्षतिपूर्ति दाबी गर्नको लागि आफ्नै रोजगारदातासंग कुरा राख्नुहोला ।

## Your obligations तपाईका दायित्यहरु

तपाई राम्रोसंग जाति भएर काममा फर्कन सक्ने हुनको लागि हामी तपाईबाट देहाय बमोजिमका कुराहरुको अपेक्षा गर्दछौं :

- कार्यस्थलको चोटपटक पछि यथाशक्ति चाँडो, सकेसम्म २४ घण्टा भित्रमा आफ्नो रोजगारदातालाई खबर गर्ने
- यथाशीघ्र दाबीको लागि आवेदन गर्ने
- जाति भएर काममा फर्कनको लागि सहयोग पुऱ्याउने उद्देश्यले तय गरिएका गतिबिधिहरुमा सक्रीय भएर भाग लिने
- काममा फर्कने याजनाको बिकाशमा मिलीजुली सहभागी बन्ने
- तपाईको बर्तमानको कार्यक्षमता र अन्य सम्बन्धित जानकारीहरु समेटिएको चिकित्सा प्रमाणपत्र बुझाउँने
- शक्त भएपछि आफूलाई मिल्दो काममा फर्कने

## Your employer's obligations तपाईको रोजगारदाताका दायित्वहरु

तपाई जाति भएर काममा फर्कन सक्षम बन्नको लागि तपाईको रोजगारदाताबाट हामी यी सहयोगहरुको अपेक्षा राख्दछौं :

- तपाईको चोटपटकको अथवा दाबीको आवेदन प्राप्त गरेको ५ दिन (छुट्टिका दिनहरु बाहेक) भित्रमा उनीहरुको हक दाबी प्रतिनिधिलाई जानकारि गराउँनु
- निको भएर जागिरमा फिर्ता हुनका लागि आवश्यक गतिविधिहरुमा तपाईको सहभागितालाई सहयोग पुऱ्याउँनु
- तपाईको काममा फिर्ता जाने योजनाको निर्माणमा मिलीजुली सहभागिता जनाउनु
- तपाईको कार्यफिर्तीको योजनामा परेका कुनै पनि दायित्यहरुलाई पूरा गर्नु
- आफ्ना उत्तरदायित्वहरुलाई उचित रुपले पूरा गरुन् ताकि तपाई आफ्नो चोटपटकबाट जाति हुने कार्यलाई सुरक्षित हिसाबले अगाडि बढाउँन सक्नुहुनेछ
- यदि तपाई घाइते हुनु अगाडिको काममा फिर्ता जाँन सक्नुहुन्न भनें तपाईलाई मिल्दो अरु कुनै जागिर मिलाईदिने प्रयत्न गर्नु

## Your support team तपाईलाई सहयोग गर्ने समूहहरु

तपाई चोटपटकबाट जाति भइसके पछि जागिरमा अथवा समूदायमा फर्कने कामको सहयोगार्थ निम्न व्यक्तिहरु सामेल हुन सक्नेछन् :

### मामिला प्रतिनिधि

तपाईका मामिला प्रतिनिधि सबैभन्दा पैलो सम्पर्कव्यक्तिको रुपमा रहनुहुनेछ र वहाँले तपाई चोटपटकबाट जाति भैसकेपछि यथाशक्ति चाँडो काममा फर्कनको लागि आवश्यक सेवा र सहयोगको व्यवस्थापन गरिदिनुका साथै तपाई र रोजगारदाता बीचका व्यक्तिगत सहयोगहरुलाई समेत शीघ्र रुपले मिलाईदिने काम गर्नुहुनेछ ।

यदि तपाई चार हप्ता भन्दा लामो अवधिसम्म कामबाट बाहिरिए पछि पुन: काममा फर्कदै हुनुहुन्छ भनें तपाईका मामिला प्रतिनिधिले रोजगारदाता र तपाईसंग मिली कामफिर्तिको योजना निर्माण र सोको कार्यन्ययनमा समेत सहयोग पुऱ्याउनुहुनेछ ।

## डाक्टर

डाक्टरले तपाईलाई परीक्षण गर्नुहुन्छ र त्यसपछि तपाईसंग सल्लाह गरिकन तपाईलाई कस्तो उपचारको आवश्यकता पर्ने हो सोको निर्णय निकाल्नुहुने छ।

तपाईको उपचारबाट सम्भव भएसम्मको राम्रो नतिजा प्राप्त  गर्नका लागि उपचारको योजना निर्माणमा सकृय रुपले सहभ(ागी बन्नु महत्वपूर्ण हुनेछ। आफ्नो उपचार के कस्तो हिसाबले चल्दैछ भन्नेकुराको प्रतिकृया दिएर पनि तपाई आफ्नो डाक्टलाई तपाईको विशेष परिस्थितिसंग मिल्दो उपचारको योजना निर्माण गर्ने कार्यमा पद्दत पुऱ्याउन सक्नुहुने छ।

## सम्बन्धित स्वास्थ्य सेवाहरु

तपाईको डाक्टरले तपाईलाई अन्य सम्बन्धित चिकित्सकहरुकोमा पठाउँन पनि सक्नेछन् जसले तपाईलाई उपचार सम्बन्धी सरसल्लाह दिनुका साथै आत्मनिर्भर भएर आफ्नो चोटपटकको ब्यवस्थापन गरी तपाईलाई रोजगार तथा दैनिक जनजीवनमा फर्कने उद्देश्यमा समेत मद्दत पुऱ्याउन सक्नेछन्।

## कामफिर्तीका लागि सेवा प्रदायकहरु

तपाईका मामिला प्रवन्धक (case manager) ले तपाईलाई काममा फिर्ता जानको लागि आवश्यक सेवाहरु जस्तो प्रयोगात्मक कक्षा, तालिम, पेशागत उपचारको सेवा र फिजियो थेरापी आदिसंग संलग्न गराउँन समेत सहयोग गर्नेछन्।

## कामफिर्तीका लागि समन्वयकर्ता

तपाईको रोजगारदाताले ३० जना वा सोभन्दा बढी कामदारहरु नियुक्ति गरेको छ भनें सो राजगारदातासंग अवश्य नै एकजना तालिम प्राप्त समन्वयकर्ता (coordinator) रहेका हुन्छन् जस्ले तपाईलाई चोटपटकबाट जाति हुन लगायत काममा फर्कने उद्देश्यमा समेत सहयोग पुऱ्याउँनेछन्। तपाईका मामिला प्रबन्धकले यी कामहरुमा सहयोग पुऱ्याउँनेछन् :

- दाबी फारम पूरा गरिदिने र अन्य कागजी प्रकृयाहरु मिलाइदिने काममा सहयोग पुऱ्याउँने
- तपाई र तपाईका मामिला प्रतिनिधिसंग भेटघाट गर्ने
- तपाईलाई काममा रहिराख्न वा काममा फिर्ता जानको लागि सहयोग पुऱ्याउँने
- तपाई लगायत तपाईका उपचारकहरु र हकदाबी प्रतिनिधिसंग सम्पर्क राख्ने
- तपाईलाई अरु थप चोटपटक लाग्न अथवा चोटपटक बल्झिएर आइपर्नसक्ने समस्याहरुबाट बचाउँन कदम चाल्ने
- काममा फिर्ताजाने योजनाको तयारीमा सहयोग पुऱ्याउँने
- तपाईको क्षमता र कामफिर्तिको प्रगतीबारे देखभाल गर्ने

यदि तपाईको रोजगारदातासंग समन्वयकर्ता (coordinator) को रुपमा कोही उपलब्ध छैन भनें तपाईले आफ्नो मामिला प्रबन(धक (केश म्यानेजर) संग कुरा राखेर हेर्नुहोला यदि वहाँले तपाईलाई केही मद्दत पुऱ्याउँन सक्नुहुन्छ कि।

### थप जानकारीका लागि

अंग्रजी भाषाका अतिरिक्त अन्य भाषाका ब्यक्तिहरुले कार्यफिर्ती एस. ए. (ReturnToWork SA) मा सम्पर्क गर्नुपरेमा कृपया भाषा उल्था र दोभाषेको सेवाको लागि सम्पर्क नम्बर 1800 280 203 मा फोन गरी हामीलाई हाम्रो नम्बर 13 18 55 मा सम्पर्क गरिमाग्न अनुरोध गर्नुहोला। यो दोभाषेको सेवा तपाइहरुका लागि नि:शुल्क उपलब्ध छ।